सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश डा. श्री कुमार चुडाल

**फैसला**

०७५-CR-२३०३

प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार ------------------------------------१ — पुनरावेदक वादी

**विरुद्ध**

पर्वत जिल्ला साबिक पाङ गा. वि. स. वडा नं ८ हाल कुश्मा नगरपालिका वडा नं. १ घर भई हाल कारागार कार्यालय पर्वतमा थुनामा रहेको शशिधर वि.क.को छोरा दुर्गाबहादुर वि.क. ------------------------------------१ — प्रत्यर्थी प्रतिवादी

०७५-CR-२३७९

पर्वत जिल्ला, साबिक पाङ गा.वि.स. वडा नं.८ हाल परिवर्तित ऐ. कुश्मा नगरपालिका वाड नं.१ घर भई हाल कारागार कार्यालय पर्वतमा थुनामा रहेको शशिधरको छोरा दुर्गा बहादुर वि.क. ------------------------------------१ — पुनरावेदक प्रतिवादी

**विरूद्ध**

प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार ------------------------------------१ — प्रत्यर्थी वादी

०७६-RC-००४८ (साधक)

प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार ------------------------------------१ — पुनरावेदक वादी

**विरूद्ध**

भूमिराज कँडेलकी छोरी पर्वत जिल्ला, साबिक पाङ गा.वि.स. वडा नं. ८ को हाल ऐ. कुश्मा नगरपालिका वाड नं.१ घर भई हाल कारागार कार्यालय पर्वत कुश्मामा थुनामा रहेको बन्दी अम्बिका कँडेल ------------------------------------१ — प्रत्यर्थी प्रतिवादी

मुद्दाः- कर्तव्य ज्यान।

सुरु तहमा फैसला गर्नेः माननीय जिल्ला न्यायाधीश श्री ध्रुव प्रसाद सापकोटा

पर्वत जिल्ला अदालत

फैसला मितिः २०७५।२।२२

पुनरावेदन तहमा फैसला गर्नेः मानननीय न्यायाधीश श्री शेषराज सिवाकोटी
मानननीय न्यायाधीश श्री हरिप्रसाद पौडेल
उच्च अदालत पोखरा, बाग्लुङ इजलास
फैसला मितिः २०७५।१०।२८

न्याय प्रशासन ऐन, २०७३ को दफा ९ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम यस अदालतको अधिकारक्षेत्र भित्र रही पुनरावेदन तथा साधकको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. जिल्ला पर्वत कुश्मा न.पा. वडा नं.१ सिधाली स्थित बाबुराम कँडेलको घरको करेसामा नवजात शिशुको लाश मृत अवस्थामा फेला परेको भन्ने स्थानिय मानिसहरुबाट टेलिफोन मार्फत यस कार्यालयमा जानकारी प्राप्त हुँना साथ तत्कालै यस कार्यालयबाट मेरो कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटि गई मृत नवजात शिशुको लाश जाँच प्रकृती मुचुल्का लगायतको प्रारम्भिक कार्य सम्पन्न गरी सो घटना सम्बन्धमा सोधपुछ गर्ने क्रममा जिल्ला पर्वत कुश्मा न.पा.वडा नं.१ सिधाली बस्ने भुमीराज कँडेलको छोरी वर्ष अन्दाजी १७ की अम्वीका कँडेलले ऐ.बस्ने शशिधर वि.क.को छोरा अन्दाजी वर्ष २५ को दुर्गा बहादुर वि.क. र मेरो अबैध यौन सम्बन्धबाट गर्भ बसेकोले बारम्बार दुर्गा बहादुर वि.क.लाई जानकारी गराउँदा समेत तिम्रो पेटमा भएको गर्भ राखी मास पुगे पछी जन्माई कोही कसैले थाहा नपाउने गरी मारी फाली दिनु भनेको र कोही कसैलाई नभन्नु भनेमा जे पनि गर्ने छु भनी धम्की दिएकोले निजको डर मानी कोही कसैलाई कुनै जानकारी नगराई घर परिवारलाई समेत ढाँटी बस्दै आएकीमा मिति २०७४।०५।१६ गते राती अन्दाजी २४:३० बजेको समयमा पेट दुखेको हुँदा शौचालयमा गई विहान (राती) अन्दाजी ०२:०० बजेको समयमा शौचालय भित्रै मास पुगेको नवजात शिशु (पुरुष जात) जिउँदै जन्मिएको र जन्मे पश्चात रुन कराउन थाले पछि दुर्गा बहादुर वि.क.ले भने बमोजिम निज शिशुको नाभि चुडाली हातले केही बेर मुख थिची बच्चा रुन कराउन छाडेपछि मर्यो भनी कोही कसैले थाहा नपाउने गरी मेरो घर नजिकै बाबुराम कँडेलको घरको पछाडी करेसामा फाली दिई कोही कसैले थाहा नपाउने गरी घरमा आई बसेकी हुँ भनी अम्वीका कँडेलले बताएकी हुँदा तत्कालै निज

प्रहरी प्रतिवेदनको जाहेरीले नेपाल सरकार

अम्बीका कँडेललाई नियन्त्रणमा लिई फर्किने क्रममा दुर्गा बहादुर वि.क.लाई जिल्ला पर्वत कुश्मा न.पा.वडा नं.७ स्थित दुर्लुङ चोकबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि यसै प्रतिवेदन साथ दाखिला गरेको भन्ने मिति २०७४।५।१६ गतेको प्रहरी प्रतिबेदन।

२. जिल्ला पर्वत कुश्मा न.पा.वडा १ सिधाली स्थित पुर्वमा बाबुराम कँडेलको बारी, पश्चिममा सिधाली देखी बनौ जाने गोरेटो बाटो, उत्तरमा छत्रनाथ कँडेलको जमिनको डिल, दक्षिणमा बाबुराम कँडेलको १९ फिट ११ ईन्च लामो भैसीगोठ सहित रहेको दक्षिण मोहडा फर्केको घर सो घरको पछाडी उत्तर करेसा रहेको, सो घरको पछाडी करेसामा पूर्व टाउको, पश्चिम खुट्टा, उत्तरतर्फ कोल्टे अवस्थामा मृतक नवजात मास पुगेको छोरा जातको शिशुको लाश रहेको, उक्त लाशको शरीरमा कमिला र माटो लागेको अवस्थामा देखिएको मिति २०७४।५।१६ गतेको लाशजाँच प्रकृति मुचुल्का।

३. जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १ सिधाली स्थित पूर्वमा सिधाली देखी बनौ जाने गोरेटो बाटो, पश्चिममा भुमिराज कँडेलको घर, उत्तरमा धन बहादुर वि.क.को घर, दक्षिणमा भुमिराज कँडेलको खेत यति चार किल्ला भित्र सोही ठाँउ बस्ने भुमिराज कँडेलको शौचालय भित्र मिति २०७४।५।१६ गते सुरु बिहानको अं. ०२:०० बजेको समयमा भुमीराज कँडेलको छोरी अं. वर्ष १७ की अम्बिका कँडेलले मास पुगेको नबजात छोरा जातको शिशु बच्चा जन्माई मारेको भनी देखाईएको चार किल्ला सहितको मिति २०७४।५।१६ गतेको घटनास्थल मुचुल्का।

४. जिल्ला पर्वत कुश्मा न.पा. १ सिधाली स्थित पूर्वमा सिधाली देखी बनौ जाने गोरेटो बाटो, पश्चिममा भुमिराज कँडेलको जमिन, उत्तरमा धन बहादुर वि.क.को जमिन, दक्षिणमा भुमिराज कँडेलको खाली जमिन,यति चार किल्ला भित्र ढुङ्गा छाएको पश्चिम मोहडा भएको भुमीराज कँडेलको कच्ची घर सो घरको भित्र मिति २०७४।५।१६ गते बिहान अम्बिका कँडेलले बच्चा जन्माउदा लगाएको कुर्था र सुरुवाल लुकाई राखेको अवस्थामा बरामद गरिएको चार किल्ला सहितको मिति २०७४।५।१६ गतेको बरामदी मुचुल्का।

५. Cause of Death: Hemorrhagic shock due to hemorrhage from umbilical cord. लेखेको शव परीक्षण प्रतिवेदन।

६. मेरो घर जिल्ला पर्वत साबिक पाङ गा.वि.स. वडा नं. २ हाल कुश्मा न.पा. वडा न. १ पाङ सिधाली भन्ने ठाउँमा पर्दछ। मेरो घरमा आमा बहिनी र म बस्ने गर्दछौ भने मेरो

बुबा सानिआमा सँग छुट्टै बस्ने गर्नुहुन्छ। मैले पाङमा रहेको श्री खरिबोट गोबिन्दनाथ देब शर्मा मा.वि. खरिबोट पाङमा कक्षा ७ मा अध्ययन गर्दछु। स्कुल चल्दा स्कुल जाने बिदा हुँदा घरमा नै बसी घाँसपात खेतीपातीको काम गर्ने गर्दछु। यसै क्रममा यी हाल म संगै पक्राउमा परेका दुर्गा वि.क.को घर पनि मेरो घर देखि नजिकै भएको हुँदा भेटघाट कुराकानी हुने गर्दथ्यो। निजको घरदेखि माथि राईस मिल र सोही मिलमा सानो किराना पसल समेत भएको हुँदा प्रायः जसो निज नै पसलमा बस्ने गर्दथे। म कहिलेकाँही चाउचाउ बिस्कुट खरिद गर्न तथा धान कुट्नको लागि मिलमा जाने गर्दथें। सोही क्रममा निज दुर्गा वि.क.ले चाउचाउ बिस्कुट दिएर मलाई ललाई फकाई गर्ने गर्दथे। निजले मलाई कहिलेकाँही पैसा पनि दिई माया प्रेमका कुरा गर्दथे। मलाई फकाई फुलाई गरी विवाह गर्छु भन्थे। सामान किन्न जाँदा मलाई पैसा नलिई सित्तैमा दिने र फर्किदा पैसा पनि दिने गर्दथे। म पनि निजको माया प्रेममा परी काम नहुँदा पनि निजको पसलमा जाने निजलाई भेट्ने गर्दथें भने निजले पनि मलाई भेट्नको लागि बोलाउने गर्दथे। निजले मलाई धेरै नै माया गर्ने गर्दथे। यसै क्रममा म मिति २०७३।०९।१० गते दिनको अं. १४:०० बजेको समयमा चाउचाउ किन्नको लागि निजको पसलमा गएकीमा पसलमा निज दुर्गा वि.क. मात्र थिए। म त्यहाँ गए पछि निजले मेरो शरीरको संबेदनशील अंग स्तन, योनी चलाई मलाई पसलमा रहेको काठको खाटमा रहेको बिस्तारामा पल्टाई निजले मेरो कुर्ताको सुरुवाल र भित्री कट्टु खोली हामी दुबै जनाको सहमतिमा पहिलो पटक कुनै पनि अस्थायी साधन प्रयोग नगरी शारीरिक सम्पर्क गरेका हौं र निजले मेरो योनी भित्रै बिर्य झारेका हुन्। निजले शारीरिक सम्पर्क गरी सकेपछि केही डर नमान्नु केही भएमा त्यसको जिम्मेवारी मैले लिन्छु भनी मलाई चाउचाउ र नगद रु. ५००।- दिए पछी म पनि घर फर्केकी हुँ। त्यसपछी हामी दुई जनाको बेला बखत भेटघाट तथा निजकै पसलमा शारीरिक सम्पर्क हुने गर्दथ्यो भने कहिलेकाही बारीमा पनि भेटघाट हुने गर्दथ्यो। पहिलो सम्पर्क पश्चात नै मेरो महिनाबारी रोकिए पछि मैले निजलाई जानकारी गराउँदा निजले बच्चा जन्मे पछी कोही कसैले थाहा नपाउने गरी बच्चाको मुख थुनी घाँटी थिची मारी दिनु र जंगलमा लगी फाली दिनु कोही कसैलाई भनेमा ज्यानै मारी दिने सम्मको धाक धम्की दिएको हुँदा डराई डराई बसेकी थिएँ घरमा आमा र म छुट्टाछुट्टै कोठामा सुत्ने गर्दथ्यौं। सदाझै मिति २०७४।५।१५ गते राती पनि खाना खाई म आफ्नै कोठामा गई सुतेकी थिएँ। रातको अं. २४;३० बजे मलाई पेट दुख्न थाले पछि मिति २०७४।५।१६ गते सुरु

बिहानको राती म घरको शौचालयमा गई बसी रहेको अवस्थामा केही बेर पछी रातीको अं. ०२:०० बजेको समयमा मैले जिउँदो पुरुष जातको मास पुगेको बच्चा जन्माएकी हुँ। बच्चा जन्मेपछि रुन कराउन थाले पछि कोही कसैले थाहा पाउला भनी दुर्गा वि.क.ले भने बमोजिम नवजात छोरा जातको शिशुको नाईटो चुडाली मुख थुनी घाँटी थिची मारेपछि कोही कसैले थाहा नपाउन भनी उक्त नवजात मृत शिशुलाई मेरो दाई नाताका बाबुराम कँडेलको घरको पछाडी करेसामा लगी फाली घरमा आई रगताम्मे भएको मैले लगाएका कुर्था सुरुवाल खोली घरको कोठामा राखी अर्को कपडा लगाई कोठामा आई सुतेकी हुँ भनी मिति २०७४।५।२३ गते प्रतिवादी अम्बिका कँडेलले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

७. मेरो घर जिल्ला पर्वत साबिक पाङ गा.वि.स. वडा न. ८ हाल कुश्मा न.पा. वडा न. १ पाङ सिधाली भन्ने ठाउँमा पर्दछ। यी हाल म संगै पक्राउमा परेकी अम्बिका कँडेलको घर पनि मेरो घर नजिकै पर्ने हुँदा निजसँग चिनजान भएको हो। मेरो मिलमा सानो पसल पनि भएको हुँदा कहिलेकाही सामान किन्न र कहिलेकाही मिलमा धान मकै लिएर कुट्नको लागि निज अम्बिका कँडेल आउने गर्दथिन्। पसलमा म एक्लै भएको अवस्थामा निज आउदा मैले चाउचाउ तथा बिस्कुट निजलाई दिई फकाउने गर्दथें भने निजलाई मैले कहिलेकाही पैसा पनि दिई मायाप्रेमका कुरा गर्दथे। कहिले काही मैले फकाई फुलाई गरी बिबाह गर्छु भन्थे। सामान किन्न जाँदा आउँदा पैसा नलिई सित्तैमा दिने र फर्किदा पैसा पनि दिने गर्दथे। निज पनि माया प्रेममा परी काम नहुँदा पनि मेरो पसलमा भेटन आउने गर्थिन् भने निजले पनि मलाई भेट्नको लागि बोलाउने गर्थिन्। निजले पनि मलाई धेरै नै माया गर्ने गर्थिन्। यसै क्रममा म मिति २०७३।०९।१० गते दिनको अ. १४:०० बजेको समयमा पसलमा बसी रहेको अवस्थामा यी अम्बिका कँडेल चाउचाउ किन्नको लागि मेरो पसलमा आएकी थिईन् पसलमा म मात्र थिएँ अन्य कोही थिएनन्। निज अम्बिका आए पश्चात मैले पसलको ढोका बन्द गरी निजको शरीरको संवेदनशील अंग स्तन, योनी चलाई मेरो पसलमा भएको काठको खाटमा रहेको बिस्तारामा निजलाई पल्टाई निजले लगाएको कुर्ता सुरुवाल र भित्री कट्टु खोली हामी दुबै जनाको सहमतीमा पहिलो पटक मैले कुनै पनि अस्थाई साधन प्रयोग नगरी शारीरिक सम्पर्क गरेको हुँ भने निजको योनी भित्रै बिर्य झारेको हुँ। मैले शारीरिक सम्पर्क गरी सके पछी केही डर नमान्नु केही भएमा त्यसको जिम्मेबारी मैले लिन्छु भनी निजलाई चाउचाउ र नगद रु ५००।- दिए पछी घर फर्केकी हुन्। त्यस पछी हामी

दुई जनाको बेला बखत भेटघाट तथा मेरै पसलमा शारीरिक सम्पर्क हुने गर्दथ्यो भने कहिले काही बारीमा पनि भेटघाट हुने गर्दथ्यो। पहिलो सम्पर्क पश्चात नै निजले मलाई महिनाबारी रोकिएको भनी जानकारी गराएकी हुन् मैले निजलाई बच्चा जन्मे पछी मारी कोही कसैले थाहा नपाउने गरी जंगलमा फालि दिनु भन्ने गर्दथे मैले भने बमोजिम नै निज अम्बिका कँडेलले उक्त नबजात शिशु जन्माई घाँटी थिची नाईटो चुडाली कर्तब्य गरी मारेकी हुन् भन्ने ब्यहोराको प्रतिवादी दुर्गा बहादुर वि.क.ले मिति २०७४।५।२३ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

८. मेरो घर पर्वत जिल्ला कुश्मा न.पा. वडा न. १ सिधाली भन्ने ठाउँमा पर्दछ। मिति २०७४।५।१६ गते बिहान अं.०८:०० बजेको समयमा घरको कामधन्दा सकी खेततर्फ घाँस काट्न जाँनको लागी घरको पछाडी करेसाको बाटो जाँदै गर्दा मेरो घरको करेसामा मास पुगेको नवजात शिशुको लाश देखे पछी मैले नै प्रहरी लगायत छिमेकीलाई खबर गरेको हुँ। प्रहरी आई लाश जाँच मुचुल्का समेतको कार्य गरी सोधपुछ गर्दा उक्त नवजात शिशु भूमिराज कँडेलको छोरी अं. वर्ष १७ की अम्बिका कँडेलले सोही ठाँउ बस्ने शशिधर वि.क.को छोरा दुर्गा बहादुर वि.क. को अबैध सम्बन्धबाट जिउँदो बच्चा जन्माई दुर्गा वि.क.ले भने बमोजिम मुख थुनी नाईटो चुँडाली मारी फालेको भन्ने सुनी थाहा पाएको हुँ। यसरी अबैध रुपमा बच्चा जन्माई कर्तब्य गरी मार्ने अम्बिका कँडेल तथा मार्न लगाउने दुर्गा वि.क.लाई कानुन बमोजिम कारवाही हुनु पर्दछ भन्ने ब्यहोराको बाबुराम कँडेलले मिति २०७४।५।२५ गते गरिदिएको कागज।

९. मेरी साँहिली छोरी अम्विका कँडेललाई पक्राउ गरी सोधपुछ गर्दा निजले दुर्गा बहादुर वि.क.सँग अनैतिक शारीरिक सम्पर्क राखी गर्भधारण गरी मास पुगेको बच्चा जन्माई निज दुर्गा बहादुर वि.क. समेतको मिलेमतोमा मुखथिची नाभी जवरजस्ती चुँडाई मारी फालेको कुरा सुनी थाहा पाएकी हुँ। निज छोरी अम्विका कँडेलको सानै उमेरदेखि पेट ठूलो भएको र बेलाबेलामा महिनावारी भयो भन्दै बार्दै आएकीले गाउँघरमा रहँदा बस्दा कुनै ख्याल जानकारी पाएनौं। यसरी अनैतिक शारीरिक सम्पर्कबाट जीवितै जन्मेको शिशुलाई दुवै जनाको मिलेमतोमा कर्तव्य गरी मारी फ्याँक्ने, फ्याँक्न लगाउने दुवै जनालाई हदैसम्मको कानूनी कारवाही गर्नु पर्छ भन्ने बेहोराको हुमा कँडेलले मिति २०७४।०५।२५ गते गरिदिएको कागज।

१०. जिल्ला पर्वत कुश्मा न.पा. वडा नं.१ सिधाली स्थित बाबुराम कँडेलको घरको करेसामा नवजात शिशुको लाश मृत अवस्थामा फेला परेको भन्ने स्थानिय मानिसहरुबाट टेलीफोन मार्फत जिल्ला प्रहरी कार्यालय पर्वतमा जानकारी प्राप्त हुनासाथ तत्काल प्रहरी टोली घटनास्थलमा खटी गई मृत नवजात शिशुको लाश जाँच प्रकृति मुचुल्का लगायतको प्रारम्भिक कार्य सम्पन्न गरी सो घटना सम्बन्धमा सोधपुछ गर्ने क्रममा जिल्ला पर्वत कुश्मा न.पा.वडा नं.१ सिधाली बस्ने भुमीराज कँडेलको छोरी वर्ष अन्दाजी १७ की अम्विका कँडेलले ऐ.बस्ने शशिधर वि.क.को छोरा अन्दाजी वर्ष २५ को दुर्गा बहादुर वि.क. र मेरो अवैध यौन सम्बन्धबाट गर्भ बसेकोले बारम्बार दुर्गा बहादुर वि.क.लाई जानकारी गराउँदा समेत तिम्रो पेटमा भएको गर्भ राखी मास पुगे पछी जन्माई कोही कसैले थाहा नपाउने गरी मारी फाली दिनु भनेको र कोही कसैलाई नभन्नु भनेमा जे पनि गर्ने छु भनी धम्की दिएकोले निजको डर मानी कोही कसैलाई कुनै जानकारी नगराई घर परिवारलाई समेत ढाँटी बस्दै आएकीमा मिति २०७४।०५।१६ गते राती अन्दाजी २४:३० बजेको समयमा पेट दुखेको हुँदा शौचालयमा गई विहान (राती) अन्दाजी ०२:०० बजेको समयमा शौचालय भित्रै मास पुगेको नवजात शिशु (पुरुष जात) जिउँदै जन्मिएको र जन्मे पश्चात रुन कराउन थालेपछि दुर्गा बहादुर वि.क.ले भने बमोजिम निज शिशुको नाभी चुँडाली हातले केही बेर मुख थिची बच्चा रुन कराउन छाडे पछी मर्यो भनी कोही कसैले थाहा नपाउने गरी बाबुराम कँडेलको घरको पछाडी करेसामा फालेको भन्ने सुनी थाहा पाएको हुँ। निजहरुलाई प्रहरीले पक्राउ गरेको भन्नेसमेत सुनी थाहा पाएको हुँ। यसरी अबैध रुपमा जन्माई कोही कसैले थाहा नपाउने गरी नाईटो चुँडाली, मुख थुनी मारी फाल्ने तथा मारी फाल्न वचन दिने अम्बिका कँडेल तथा दुर्गा वि.क.लाई कर्तब्य ज्यान अन्तरगत सजाय हुनु पर्दछ भन्ने ब्यहोराको प्रकाश पुन, प्रकाश रेग्मी र बिष्णु रिजाल समेतले मिति २०७४।५।२५ गते गरी दिएको वस्तुस्थिती मुचुल्का।

११. प्रतिवादी अम्विका कँडेलले मुलुकी ऐनको ज्यान सम्वन्धि महलको १ नं. विपरीत १३(३) नं. अनुसारको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐन, महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुन र अर्का प्रतिवादी दुर्गा वि.क.ले प्रतिवादी अम्विका कँडेललाई बच्चा जन्मिए पछि मारी जंगलमा लगी फाली दिनु भनी नवजात शिशुको ज्यान मार्न सिकाई वचन दिई मुलुकी ऐनको ज्यान सम्वन्धिको महलको १ नं. विपरीत १३(४) नं. वमोजिमको कसूर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही

१३(४) नं. बमोजिम सजाय हुन माग दावी लिई वादी नेपाल सरकारकोतर्फबाट पेश भएको अभियोगपत्र।

१२. घटनास्थल मुचुल्कामा र प्रहरी प्रतिवेदनमा भएको बेहोरा सत्य साँचो हो। प्रतिवादी दुर्गाबहादुर वि.क. र मेरो अवैध सम्बन्धबाट जन्मिएको बच्चालाई दुर्गाबहादुर वि.क.ले मार्न भनेको हुँदा ट्वाईलेटमा बच्चा जन्माई मारी फालेकी हुँ। बरामदी मुचुल्कामा भएको बेहोरा सत्य साँचो हो। मिसिल संलग्न रहेका फोटोहरु मैले जन्माई मारेर फालेका मृतक शिशुका फोटाहरु हुन्। मैले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागजमा भएको सही छाप र बेहोरा मेरो हो। घटना विवरण कागज गर्ने व्यक्तिहरुले लेखाएको बेहोरा सत्य साँचो हो भन्ने बेहोराको प्रतिवादी अम्विका कँडेलले सुरु पर्वत जिल्ला अदालतमा गरेको वयान।

१३. घटनास्थल मुचुल्कामा भएको बेहोराको बारेमा मलाई केही थाहा भएन। घटनास्थलमा म गएको होइन। प्रहरी प्रतिवेदनमा भएको बेहोरा असत्य हो। मलाई प्रहरी प्रतिवेदन सम्बन्धमा केही थाहा छैन। मैले प्रतिवादी अम्विका देवी कँडेललाई बच्चा जन्मिएपछि मार्नु भनेको होइन। मलाई झुट्टा आरोप लगाईएको हो। मैले निजसँग एक पटक पनि शारीरिक सम्पर्क गरेको छैन। म अपाङ्ग भएको हुँदा मलाई दोषी ठहराउन झुट्टा आरोप लगाएको हुनुपर्दछ। बरामदी मुचुल्कामा भएको बेहोराको बारेमा मलाई केही थाहा भएन। मिसिल संलग्न रहेका फोटाहरुको बारेमा मलाई केही थाहा भएन। अधिकारप्राप्त अधिकारी समक्ष गरेको वयान कागजमा भएको सही छाप मेरो हो, बेहोरा मेरो होइन। प्रहरीले सही गर भनी डर त्रास देखाएपछि मैले नपढी सही मात्र गरेको हुँ। बेहोरा मलाई नसोधी लेखेका हुन्। के कस्तो बेहोरा लेखाएका रहेछन् त्यति बेला मलाई थाहा भएन अदालतमा आज वयान गर्दा मात्र थाहा पाएँ। बेहोरा झुट्टा हो। घटना विवरण कागजको बेहोरामा मलाई लगाएको आरोप बेहोरा झुट्टा हो। म निर्दोष छु भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाबहादुर वि.क.ले सुरु पर्वत जिल्ला अदालतमा गरेको वयान।

१४. तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादीहरु निर्दोष छन भन्न सकिने अवस्था नभएको हुँदा निजहरुको हकमा अ.वं. ११८(२) को अवस्था विद्यमान देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी तत्काल प्राप्त प्रमाणका आधारमा निजहरुलाई थुनामा राखी कारवाही गर्न नियमानुसारको सिधा खान पाउने गरी अ.वं. १२१ नं. बमोजिमको थुनुवा पुर्जी दिई कारागार शाखा पर्वतमा थुनामा राख्न लेखी

पठाईदिनू। प्रतिवादी अम्विका कँडेलले अदालतमा वयान गर्दा आफू १५ वर्षकी भए भनी लेखाएको हुँदा निज पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. १ पाङ स्थित शहिद गोविन्दनाथ मा.वि.मा कक्षा ७ मा अध्ययन गर्ने भनेको हुँदा त्यहाँबाट निजको भर्ना गर्दाको भर्ना फाराम झिकाउने साथै निज १५ वर्षको भनेको हुँदा सरकारी खर्चमा जिल्ला प्रहरी कार्यालय मार्फत गण्डकी अंचल अस्पताल पोखरा कास्कीमा लगी उमेर परीक्षण गराउन जिल्ला कारागार कार्यालयलाई लेखी पठाउने साथै प्रतिवादी चुक्ता भई सकेको हुँदा प्रतिवदेकहरु, बस्तुस्थिति र घटना विवरण कागज गर्ने व्यक्तिहरु एवं शव परीक्षण गर्ने चिकित्सकलाई बकपत्रको लागि जिल्ला सरकारी वकिल कार्यालय मार्फत उपस्थित गराई दिनु भनी जिल्ला प्रहरी कार्यालयमा लेखि पठाउने र प्रतिवादीहरुलाई बकपत्रका लागि आफ्ना साक्षी उपस्थित गराउनु भनी जानकारी दिनु भन्ने बेहोराको जिल्ला अदालत पर्वतबाट मिति २०७४।०६।०१ गते भएको थुनछेक आदेश।

१५. घटनास्थल मुचुल्का र प्रहरी प्रतिवेदन बेहोरामा लेखिएको कुरा सत्य साँचो हो। बाबुराम कँडेलको घरको पछाडी करेसामा बेबारिसे अवस्थामा नवजात शिशुको लाश फेला परेको भन्ने जानकारी प्राप्त हुँदा साथ म समेतको टोली घटनास्थल खटी गई प्रकृति हेर्दा बच्चा नाङ्गो अवस्थामा, मुख तथा मृत शरीरमा कमिला लागेको अवस्थमा देखेको हुँ। सो पश्चात सोधखोज गर्दै जाने क्रममा प्रतिवादी अम्विका कँडेल र दुर्गाबहादुर वि.क. विच अवैध यौन सम्बन्धबाट प्रतिवादी अम्विका कँडेलले गर्भ बोकेको कुरा दुर्गा बहादुर वि.क.लाई पटक पटक जानकारी गराउँदा कोही कसैलाई नभन्नु मास पुगेपछि जन्माई मारी फाल्नु पछि कोहि कसैलाई नभन्नु भनेकाले प्रतिवादी अम्विकाले उक्त नवजात शिशु २०७४।५।१६ गते आफ्नो घरको शौचालयमा जन्माई नाभी चुँडाली मारी बाबुराम कँडेलको करेसामा लगी राखेको म समेतको टोलीले फेला पारेका हौं भन्ने बेहोराको प्रतिवेदक प्रहरी जवान निर्मल गाहाले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

१६. मैले अनुसन्धानको क्रममा गरेको कागजमा भएको बेहोरा र सही छाप मेरो हो। प्रतिवादीहरु र मेरो घर नजिकै छ। गाउँमा बच्चा फालेका छन भन्ने गाउँमा हल्ला खल्ला भएपछि मैले घटनाको बारेमा थाहा पाएको हुँ। नवजात शिशु मृत जन्मेको हो वा जिउँदै जन्मेको हो सो सम्बन्धमा मलाई केही थाहा भएन। हामीहरु घटनास्थलमा जाँदा नवजात शिशु मृत अवस्थामा थियो। प्रतिवादीहरु अम्विका कँडेल र दुर्गा बहादुर वि.क.को सामिप्यतता थियो थिएन सो सम्बन्धमा मलाई केही थाहा भएन भन्ने बेहोराको

वस्तुस्थिति मुचुल्काको कागज गर्ने प्रकाश पुनले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

१७. मिति २०७४।५।१९ मा पेश भएको प्रहरी प्रतिवदेनमा भएको बेहोरा र सही छाप मेरो हो। बच्चा बाबुराम कँडेलको घर पछाडी करेसामा मृत अवस्थामा थियो। लाशमा कमिला लागेको, माटो र झारपात लागेको थियो। प्रतिवादी अम्विका कँडेलले प्रतिवादी दुर्गाबहादुरले बच्चा जन्माएर मारेर फाल्नु भनेको हुँदा निजले बच्चा शौचालयमा जन्माई मारेर फालेको कुरा बताएकी हुन भन्ने बेहोराको प्रतिवेदक प्र.ह. केशव प्रसाद शर्माले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

१८. मिति २०७४।५।१६ गतेको शव परीक्षण मैले तयार गरी पेश गरेको हुँ। उक्त प्रतिवेदनमा भएको सहीछाप मेरो हो। बच्चाको नाभी बाँधिएको थिएन। नाभी नबाँधेको कारणबाट बढी रगत बगी मृत्यु भएको हो। पोष्टर्माटम गर्दा Diaphragm छैटौं करङको लेभलमा भएको, फोक्सो छाती भरी खुलेको र Hydrostatic Test गर्दा फोक्सो पानीमा उत्रिएको कारण बच्चा जिउँदो जन्मेको भनी प्रतिवेदन दिएको हुँ भन्ने बेहोराको चिकित्सक डा. मिलन श्रेष्ठले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

१९. मैले अनुसन्धानको क्रममा गरेको कागजमा भएको बेहोरा सही छाप मेरो हो। जिल्ला प्रहरी कार्यालयबाट प्रहरीहरु गएपछि मात्र मलाई घटनाको बारेमा थाहा भएको हो। मेरो छोरी महिना महिनामा रजस्वला भयो भनी बाहिर निस्कने गर्थिन्। मलाई निजले गर्भ बोकेको केही थाहा भएन। प्रतिवादी दुर्गाबहादुर वि.क.को घटनामा संलग्नता छ छैन? सो सम्बन्धमा मलाई केही थाहा भएन भन्ने बेहोराको घटना विवरण कागज गर्ने हुमा कँडेलले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२०. वारदातको मितिमा म कुश्मा बजारमा थिएँ। घटनाको बारेमा मैले फेसबुक तथा न्युजबाट थाहा पाएको हुँ। घटनास्थलमा म गएको होइन। नवजात शिशु मृत जन्मेको हो वा जिउँदै जन्मेको हो सो सम्बन्धमा मलाई केही थाहा भएन। गाउँमा नवजात मृत शिशु भेटियो भन्ने थाहा पाएको हुँ। प्रतिवादीहरुको सामिप्यतता थियो भन्ने कुरा घटना पछि मात्र थाहा भएको हो। घटनामा दुर्गाबहादुर वि.क.को संलग्नता थियो थिएन मलाई थाहा भएन भन्ने बेहोराको वस्तुस्थिति मुचुल्काको कागज गर्ने प्रकाश रेग्मीले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२१. मैले अनुसन्धानको क्रममा गरेको कागजमा भएको बेहोरा तथा सही छाप मेरो हो। वारदातको मितिमा म कुश्मा बजारमा थिएँ। घटनाको बारेमा मलाई गाउँलेले फोन

मार्फत भने पछि थाहा पाएको हुँ। बच्चा मृत अवस्थामा रहेको स्थानमा म गएको होइन। नबजात शिशु मृत जन्मेको हो वा जिउँदै जन्मेको हो? सो सम्बन्धमा मलाई केही थाहा भएन। यी प्रतिवादीहरु अम्बिका कँडेल र दुर्गा बहादुर वि.क.को केही सामिप्यतता थियो थिएन? सो सम्बन्धमा मलाई केही थाहा भएन भन्ने बेहोराको वस्तुस्थिति मुचुल्काको कागज गर्ने विष्णु रिजालले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२२. मेरो घरबाट अम्बिका कँडेल र दुर्गा बहादुर वि.क.को घर जान १० मिनेट जतिको बराबरी दुरी छ। मैले प्रतिवादीहरु अम्बिका कँडेल र दुर्गाबहादुर वि.क.को विच सामिप्यता भएको कहिलै देखिन। एक्कासी बच्चा आफ्नै जेठाबाको छोराको घरको करेसामा फालेको देखेकी हुँ। बच्चा मारेर फालेको भन्ने विषयमा केही थाहा भएन। मैले प्रतिवादी दुर्गाबहादुर वि.क. र अम्बिका कँडेलसँगै हिँडेको देखिन। दुर्गाबहादुर अपाङ्ग पनि छ। निजलाई अभियोग माग बमोजिम सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी दुर्गाबहादुर वि.क.को साक्षी सेती वि.क.ले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२३. अनुसन्धानको क्रममा मैले गरेको कागजमा भएको बेहोरा र सही छाप मेरो हो। मृत शिशुको लाश मेरो घरको करेसामा देखेको हुँ। हामीले प्रहरीलाई खबर गरेर प्रहरी आई पुग्ने बेलाशम्म लाशमा कमिला लागेको थियो। को कसको कर्तव्यबाट मारी फालेका हुन् मलाई सो सम्बन्धमा केही थाहा भएन। अरु सबै कुरा प्रहरीको अनुसन्धानबाट थाहा जानकारी भएको हो। घटना हुनु भन्दा पहिला यी दुर्गा बहादुर वि.क. र अम्बिका कँडेल विच उठबस र सामिप्यता देखेको थिँइन भन्ने बेहोराको प्रहरीमा कागज गर्ने बाबुराम कँडेलले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२४. मेरी छोरी अम्बिका कँडेलको जन्म मिति २०५९।४।१५ हो। अम्बिका कँडेलले जिउँदो बच्चा जन्माएको वा मरेको बच्चा जन्मेको भन्ने सम्बन्धमा मलाई केही थाहा भएन भन्ने बेहोराको प्रतिवादी अम्बिका कँडेलको साक्षी भूमिराज कँडेलले सुरु पर्वत जिल्ला अदालतमा आई गरेको बकपत्र।

२५. प्रतिवादी अम्बिका कँडेलले अर्का प्रतिवादी दुर्गाबहादुर वि.क. सँगको अवैध गर्भ बोकी निजले भने बमोजिम मास पुगेको जीवित शिशु जन्माई मारेको शंकारहित तवरले पुष्टि हुन आएकाले निज प्रतिवादी अम्बिका कँडेललाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको

१ नं. विपरीत १३(३) नं.बमोजिमको कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहऱ्याई उमेर सोह्र वर्ष, कच्चा उमेरको अवस्था, साविती बयान गरी अदालतको प्रक्रियामा समेत सहयोग गरेको र लोकलज्जाबाट बच्नको लागि अबैध सम्बन्धबाट जन्मन गएको शिशुलाई हत्या गरेको अवस्था समेत देखिएकाले ऐजन् ऐनको १३(३) नं को सजाय गर्दा चर्को पर्ने देखिई मुलुकी ऐन अ.वं. को १८८ नं बमोजिम १०(दश) वर्ष कैद हुने राय समेत साधक जाहेर गर्ने र प्रतिवादी दुर्गा बहादुर वि.क.का हकमा विचार गर्दा निजले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानमा कसूर गरेकोमा स्वीकार गरी बयान गरेको, प्रतिवादी अम्विका कँडेलले निज र प्रतिवादी दुर्गा बहादुर वि.क.का विचमा अवैध शारीरिक सम्पर्क भई गर्भ रहन गएको र बच्चा जन्मेपछि घाँटी थिची मारी जंगलतिर फालीदिनु भनी भनेको कुरा अधिकार प्राप्त अधिकारी समक्ष वयान गरी सोही वयानलाई समर्थन हुने गरी अदालतमा आई वयान गरेको, निज प्रतिवादी दुर्गाबहादुर वि.क.ले शारीरिक सम्पर्क नगरेको भए किशोरी महिलाले अनाहकमा त्यस्तो आरोप लगाउनु पर्ने अन्य कारण भएको नदेखिएको, निज प्रतिवादी दुर्गा बहादुर वि.क. वाहेक अन्य व्यक्तिसँग प्रतिवादी अम्विका कँडेलको शारीरिक सम्पर्क वा यौन सम्पर्क हुने गरेको थियो भनी मौकामा बुझिएका र बस्तुस्थिति मुचुल्काका व्यक्तिहरुले लेखाउन सकेको नदेखिएकोले निज प्रतिवादी दुर्गाबहादुर वि.क. र प्रतिवादी अम्विका कँडेलका वीचमा अवैध शारीरिक सम्पर्क भई रहन गएको गर्भबाट जन्मेको शिशु मार्न निज प्रतिवादी दुर्गाबहादुर वि.क.ले वचन दिएको शंकारहित तवरले पुष्टि हुन आयो। निज प्रतिवादी दुर्गाबहादुर वि.क.लाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. विपरीत १३(४) नं. बमोजिमको कसूरमा निजलाई सोही महलको १३(४) नं. बमोजिम जन्म कैद हुने ठहर्छ भनी सुरु जिल्ला अदालत पर्वतबाट मिति २०७५।०२।२२ मा भएको फैसला।

२६. प्रतिवादी दुर्गाबहादुर वि.क. ले आफू वारदात स्थलमा उपस्थित भएर कुनै काम क्रिया गरेको भनी विपक्षी नेपाल सरकारको तर्फबाट दावी लिन र पुष्टि गर्न नसकिएको, शिशु मार्नका लागि कुनै वचन दिनु पर्ने कारण सम्म नरहेको अवस्थामा वचन दिएको भन्ने सह अभियुक्त अम्बिका कँडेलको बयानलाई अदालत बाट गलत तर्क गरी व्याख्या गरिएको, प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी दावी पुष्टि हुने प्रमाणको भार वादी पक्षलाई रहेको अवस्थामा वादी नेपाल सरकारले त्यस्तो पुष्टि गर्न नसकेको उक्त मुद्दामा आफूले अदालत समक्ष गरेको बयान र सामाजिक परिस्थिति समेतलाई नबुझी,

नगरे नभएको कसूरमा जन्मकैदको सजाय गर्ने गरी गरिएको सुरु जिल्ला अदालत पर्वतको फैसला बदरभागी भएकाले त्यसलाई उल्टी गरी न्याय इन्साफ गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाबहादुर वि.क. ले उच्च अदालत पोखरा, बाग्लुङ इजलासमा मिति २०७५।०४।२५ गते पेश गरेको पुनरावेदनपत्र।

२७. प्रतिवादीहरु दुर्गा बहादुर वि.क.लाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद भएको, प्रतिवादी अम्बिका कँडेललाई ऐ. ऐनको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद भएकोमा प्रतिवादी दुर्गाबहादुर वि.क. को पुनरावेदन परेको, प्रतिवादी अम्बिका कँडेलको पुनरावेदन परेको नदेखिंदा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वसहित जन्मकैद नहुने कानूनी व्यवस्था र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४४(२) बमोजिम प्रतिवादीहरु मध्ये कसैको पुनरावेदन परेको कसैको नपरेको भई तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन नगर्ने प्रतिवादीको हकमा समेत कारण खुलाई फैसला गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा सुरु पर्वत जिल्ला अदालतको फैसला सजाय निर्धारण तथा कार्यान्वयनको हकमा विचारणीय देखिंदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) तथा उच्च अदालत नियमावली, २०७३ को नियम ११२ को प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय बाग्लुङ र प्रतिवादी मध्येकी अम्बिका कँडेललाई सूचना दिई नियमानुसार पेश गर्नू भन्ने उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७५।९।२५ को आदेश।

२८. प्रतिवादी दुर्गाबहादुर वि.क. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद र प्रतिवादी मध्येकी अम्बिका कँडेललाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहीत जन्म कैद हुने ठहर्‍याई सुरु पर्वत जिल्ला अदालतबाट मिति २०७५।२।२५ मा भएको फैसला उपर प्रतिवादी अम्बिका कँडेलका नाममा अदालतबाट जारी भएको ७० दिने पुनरावेदनको म्याद निजले मिति २०७५।४।१४ मा हातैमा बुझी म्याद भित्र पुनरावेदन दर्ता नगरी बसेको देखिंदा निजको हकमा साधकको रोहबाट मुद्दा दर्ता गरी नियमानुसार गरी पेश गर्नु भन्ने उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७५।१०।८ को आदेश।

२९. पर्वत जिल्ला अदालतबाट प्रतिवादी दुर्गाबहादुर वि.क. को हकमा मिति २०७५।२।२२ मा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने गरी भएको फैसला मिलेको नदेखिंदा सो हदसम्म केही उल्टी भई निज

दुर्गाबहादुर वि.क. लाई ऐ. ऐन ज्यान सम्बन्धी महलको १६ नं बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर्छ। प्रतिवादी मध्येकी अम्बिका कँडेलले लोकलाजबाट बच्नका लागि बच्चा मारेको कुरालाई अधिकार प्राप्त अधिकारी एवं अदालतमा समेत उपस्थित भई अभियोजनलाई अनुसन्धान गर्ने कार्यमा सहयोग गरी आएको देखिँदा समेत निजको तर्फबाट पुनरावेदन नपरेको भए तापनि मुलुकी ऐन, अ. वं. २०५ नं. बमोजिम सुरुको फैसला निजको हकमा समेत हेर्न सक्ने देखिँदा सुरु बाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैद ठहऱ्याई मिति २०७५।२।२२ मा भएको फैसला मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था भए बमोजिम पर्वत जिल्ला अदालतको सो फैसला सो हदसम्म केही उल्टी भई निज प्रतिवादी अम्बिका कँडेललाई जन्मकैद मात्र हुने ठहर्छ। अ.वं. १८८ को हकमा विचार गर्दा प्रतिवादी अम्बिका कँडेलले अपराध गर्दाको परिस्थिति, निजको उमेर, पारिवारिक अवस्था र अपराधको अनुसन्धानको क्रममा अभियोजन कार्यलाई सहयोग मद्दत गरी आएको देखिँदा समेत निज प्रतिवादीलाई ७ (सात) वर्ष कैद सजाय गर्न न्यायोचित र उपयुक्त देखिँदा सो बमोजिम सजाय हुन अ.वं. १८८ नं बमोजिम साधक जाँचका लागि सर्वोच्च अदालतमा जाहेर गर्नू भन्नेसमेत बेहोराको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको मिति २०७५।१०।२८ गतेको फैसला।

३०. सुरु पर्वत जिल्ला अदालतबाट अभियोग मागदावी बमोजिम कसूर ठहर गरी ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद समेत गरिएका प्रतिवादी दुर्गाबहादुर वि.क. लाई कम सजाय गर्ने गरी भएको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको उक्त फैसलामा सम्वद्ध कानुनको व्याख्या र प्रतिपादित सिद्धान्तको पालनामा गम्भीर त्रुटी रहेको हुँदा सो फैसला बदर गरी प्रतिवादी दुर्गाबहादुर वि.क.लाई सुरु अभियोग मागदावी वमोजिम सजाय गरी पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट मिति २०७६।०१।३० मा यस अदालतमा परेको पुनरावेदन पत्र।

३१. आफूले जातक बच्चा मार्नु पर्ने कुनै कारण नभएको र आफूले नमारेको र मार्नका लागि कोही कसैलाई वचन पनि नदिएको, कुनै षडयन्त्र नगरेको अवस्थामा वचन दिएको र बच्चा मार्नका लागि उपाय सिकाई बच्चा मार्नका लागि षडयन्त्र गरी ज्यान मार्न लगाउने कार्य गरेको भनी गर्दै नगरेको अपराधको सजाय भोग्नु पर्ने गरी मिति

२०७५।१०।२८ मा उच्च अदालत पोखरा बाग्लुङ इजलासबाट भएको फैसला तथ्य, कानुन, प्रमाण र न्यायका मान्य सिद्धान्त विपरीत हुँदा उक्त फैसलालाई उल्टी गरी अभियोग दावीबाट अलग फुर्सद र सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क.को तर्फबाट यस अदालतमा मिति २०७६।२।८ मा परेको पत्र पुनरावेदन पत्र।

३२. साथै, प्रतिवादी अम्विका कँडेलको हकमा पुनरावेदनका लागि साधकको रोहमा दर्ता भएको।

३३. यसमा उच्च अदालत पोखरा बाग्लुङ इजलासको मिति २०७५।१०।२८ को फैसला उपर वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी दुर्गाबहादुरको हकमा सुरु फैसला बदर गरी प्रतिवादीलाई दावी बमोजिम सजाय गरीपाउँ भनी पुनरावेदन परेको र यसै लागाउको ०७५-CR-२३७९ को मुद्दामा प्रतिवादी दुर्गाबहादुर वि.क.ले उल्लेखित फैसला बदर गरी पाउँ भनी पुनरावेदन दर्ता गरेको देखिँदा नेपाल सरकारको तथा प्रतिवादीको पुनरावेदन वादी प्रतिवादीहरुलाई झिकाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ परस्पर सुनाई नियमानुसार पेश गर्नु भन्ने मिति २०७७।४।१६ मा भएको यस अदालतको आदेश।

## ठहर खण्ड

३४. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान नायव महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरेले प्रतिवादी दुर्गाबहादुर वि.क.ले सहप्रतिवादी अम्बिका कँडेललाई निजहरुको शारीरिक सम्बन्धबाट जन्मिएको नवजात शिशुको ज्यान मार्न सिकाई वचन दिई शिशुको ज्यान मारेको साथै प्रतिवादी अम्बिका कँडेलले सहप्रतिवादी दुर्गा बहादुर वि.क. लाई झुटो आरोप लगाउनु पर्ने कुनै कारण मिसिल सलंग्न कागजातबाट नदेखिएको अवस्थामा यस मुद्दाका मुख्य प्रतिवादी दुर्गा बहादुर वि.क. नै हुन् भन्ने तर्फ नजरअन्दाज गरी मुख्य प्रतिवादीलाई कम सजाय गर्ने गरी भएको उच्च अदालतको फैसला त्रुटिपूर्ण रहेकोले यी प्रतिवादीहरुलाई सुरु मागदावी बमोजिम सजाय गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

३५. पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क. को तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री गोपाल प्रसाद शर्माले प्रतिवादी दुर्गाबहादुर वि.क. ले वारदात स्थलमा उपस्थित भएर कुनै काम क्रिया गरेको भनी विपक्षी नेपाल सरकारको तर्फबाट दावी

लिन र पुष्टि गर्न नसकिएको, शिशु मार्नका लागि कुनै वचन दिनुपर्ने कारणसम्म नरहेको अवस्थामा वचन दिएको भन्ने सहप्रतिवादी अम्बिका कँडेलको बयानलाई मात्र आधार मानी प्रतिवादी दुर्गा बहादुर वि.क.लाई नगरे नभएको कसूरमा ज्यान सम्बन्धी महलको १६ नं. बमोजिम सजाय गरेको उच्च अदालतको फैसला उल्टी गरी न्याय इन्साफ गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

३६. दुवै पक्ष तर्फका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस जिकिर सुनी साथै अम्बिका कँडेलको हकमा साधक जाँचका लागि पेस हुन आएको मिसिल समेत अध्ययन गर्दा उच्च अदालत पोखरा, बाग्लुङ इजलासको फैसला मिलेको छ, छैन? पुनरावेदक वादी नेपाल सरकार र अर्का पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क. को पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन साथै प्रतिवादी अम्बिका कँडेलको हकमा साधक रायको जाँच मिलेको छ, छैन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

३७. निर्ण्यतर्फ विचार गर्दा, पर्वत जिल्ला कुश्मा न.पा. वडा नं. १ सिधालीमा प्रतिवादी अम्बिका कँडेलको सहअभियुक्त दुर्गाबहादुर वि.क. सँगको अवैध यौन-सम्पर्कबाट गर्भधारण भएको र त्यस्तो यौन-सम्पर्क गरी गर्भधारण भएको कुरा पटक पटक प्रतिवादीलाई जानकारी गराउँदा प्रतिवादी दुर्गाबहादुर वि.क.ले बच्चालाई समय पुगी जन्मेपछि मारी कोही कसैले थाहा नपाउने गरी जंगलमा फाली दिनु भनी वचन दिई मार्न लगाएकोले निज प्रतिवादी अम्बिका कँडेलले पनि सोही अनुसार २०७४।५।१६ गते राति अन्दाजी २४:३० बजेको समयमा पुरुष जातको नवजात शिशु जिउँदै जन्माई जन्मिए पश्चात रून कराउन थाले पछि शिशुको नाभी चुँडाली हातले केही बेर मुख थिची बच्चा रुन कराउन छोडे पछि बाबुराम कँडेलको घरको पछाडी करेसामा फालिदिएकोले निज अम्बिका कँडेललाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अर्का सहअभियुक्त दुर्गाबहादुर वि.क.लाई सोही महलको को १३(४) नं. बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग मागदाबी रहेको देखियो।

३८. प्रतिवादी अम्बिका कँडेललाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई निजको उमेर कसूर गरेको परिवेशलाई हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को सजाय चर्को पर्ने देखिई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद हुने र सहप्रतिवादी दुर्गाबहादुर वि.क.को हकमा १३(४) नं बमोजिम जन्मकैद सजाय हुने

ठहर गरी सुरु पर्वत जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई प्रतिवादी अम्बिका कँडेललाई ७(सात) वर्ष कैद र सहप्रतिवादी दुर्गा बहादुर वि.क. लाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १६ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरेको उच्च अदालत पोखरा, बाग्लुङ इजलासको फैसला उपर वादी नेपाल सरकार तथा प्रतिवादी दुर्गा बहादुर वि.क.को यस अदालतसमक्ष पुनरावेदन परेको देखियो। अर्का, प्रतिवादी अम्बिका कँडेलको पुनरावेदन नपरेको कारण साधक जाँचको निमित्त यस अदालतमा साधक सदरका लागि पेश भएको देखियो।

३९. अब, पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्फ हेर्दा प्रतिवादी दुर्गा बहादुर वि.क.ले निज र सहप्रतिवादी अम्बिका कँडेलको शारीरिक सम्पर्कबाट जन्मिएको जातकलाई मार्न सिकाई वचन दिई शिशुलाई मारेको हुँदा मुद्दाको मुल प्रतिवादी दुर्गाबहादुर वि.क. नै हुन्। तसर्थ, निज प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम नै सजाय हुनुपर्छ भनी र पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क.ले केवल शंका र अनुमानको भरमा आफूलाई अभियोग लगाइएको र आफूले जातक मार्नुपर्ने कुनै कारण नभएको र आफूले जातकलाई मार्नको लागि कोही कसैलाई वचन पनि नदिएको, कुनै षडयन्त्र नगरेकोले अभियोग मागदाबीबाट सफाइ दिलाई पाउँ भनी मुख्य जिकिर लिएको देखिन्छ।

४०. अब, पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिति २०७४।०५।१६ मा जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नं. १ सिधाली स्थित बाबुराम कँडेलको घरको करेसामा नवजात शिशुको लाश मृत अवस्थामा फेला परेको भन्ने स्थानीय बासिन्दाको सूचनाको आधारमा वारदातस्थलमा पुगी सोधपुछ गर्दा प्रतिवादी अम्बिका कँडेल र सहप्रतिवादी दुर्गाबहादुर वि.क.को शारीरिक सम्पर्कबाट गर्भ बसी उक्त नवजात शिशुको जन्म भएको र जन्मेपश्चात् प्रतिवादी दुर्गाबहादुर वि.क.ले भनेबमोजिम अर्का प्रतिवादी अम्बिका कँडेलले नवजात शिशुलाई जन्मदिई त्यसपश्चात हत्या गरेको हुँदा प्रतिवादी अम्बिका कँडेल र सहप्रतिवादी दुर्गाबहादुर वि.क. लाई नियन्त्रणमा लिइएको र निजहरुलाई आवश्यक कारवाहीको लागि यसै प्रतिवेदनको साथ दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

४१. प्रतिवादी अम्बिका कँडेललाई बच्चा जन्मिएपछि मार्नु भनेको होइन। निजसँग मेरो शारीरिक सम्पर्क भएको छैन। मलाई झुट्टा आरोप लगाइएको हो भनी अदालतमा बयान गर्ने यी पुनरावेदक प्रतिवादी दुर्गा बहादुर वि.क.ले अनुसन्धान अधिकारी समक्ष

बयान गर्दा प्रतिवादी अम्बिका कँडेल र निज प्रतिवादी विच प्रेम सम्बन्ध रही दुवैको सहमतिमा शारीरिक सम्पर्क भई गर्भ बस्न गएकोले प्रतिवादी अम्बिका कँडेलले सो गर्भ रहेको जानकारी गराए पश्चात् निजलाई बच्चा जन्मेपछि मारी कसैले थाहा नपाउने गरी जँगलमा लगी फालिदिनु भनेको हो र अम्बिकाले मैले भनेबमोजिम नै नवजात शिशुलाई कर्तव्य गरी मारेकी हुन् भनी आरोपित कसूरमा साविती रहेको देखिन्छ।

४२. उक्त, बेहोरालाई समर्थन गर्ने गरी आफ्नो र दुर्गाबहादुर वि.क. बीच प्रेम सम्बन्ध रहेको र सोही क्रममा आपसी सहमतिमा शारीरिक सम्पर्क भई गर्भ बसेको र बारम्बार सो को जानकारी दुर्गा वि.क.लाई गराउँदा समेत निजले पेटको बच्चालाई मास पुगेपछि जन्माई कोही कसैले थाहा नपाउने गरी मारी फाली दिनु भनी वचन दिएकाले मिति २०७४।५।१६ गते राती अन्दाजी २४:३० बजेको समयमा पेट दुखेको हुँदा शौचालयमा गई रातको अन्दाजी २:०० बजेको समयमा शौचालयभित्र मास पुगेको नवजात पुरुष जातको शिशु जिउँदै जन्मिएको र जन्मेपश्चात रुन कराउन थालेपछि दुर्गा बहादुर वि.क. ले भने बमोजिम नै निज शिशुको नाभी चुँडाली हातले केही बेर मुख थिची बच्चा रुन कराउन छाडे पछि मर्यो भनी कोही कसैले थाहा नपाउने गरी घरमा आई सुतेकी हुँ भनी प्रतिवादी अम्बिका कँडेलले अधिकार प्राप्त अधिकारी र अदालत समक्ष बयान गरेको देखिन्छ।

४३. घटनास्थल लाश जाँच मुचुल्कामा पनि बाबुराम कँडेलको घरको पछाडीको उत्तरपट्टी करेसामा मृतक नवजात मास पुगेको छोरा जातको शिशुको लाश रहेको, उक्त मृत शरीरमा कमिला र माटो लागेको अवस्थामा देखिएको साथै, घटनास्थल मुचुल्कामा अम्बिका कँडेलले मास पुगेको नवजात छोरा जातको शिशु जन्माई मारेको भनी आफ्नै घरको शौचालय भित्र देखाइएको चार किल्ला सहितको विवरण, घटनास्थलमा प्रतिवादी अम्बिका कँडेलले बच्चा जन्माउँदा लगाएको कुर्ता र सुरुवाल लुकाई राखेको अवस्थामा बरामद भएको भन्ने बरामदी मुचुल्का, Cause of Death मा Haemorrhagic Shock due to Haemorrage from umbilical Cord. भन्ने शव परीक्षण प्रतिवेदन र मौकामा बुझिएका बाबुराम कँडेल, हुमा कँडेलको मौकाको कागज र प्रहरी प्रतिवेदक निर्मल गाहा, बस्तुस्थिति मुचुल्काको कागज गरिदिने प्रकाश पुन, प्रकाश रेग्मी र विष्णु रिजालसमेतको मौकाको कागज एवं अदालतको बकपत्र समेतबाट वारदात घटेको पुष्टि हुने देखिन्छ र निज प्रतिवादी अम्बिका कँडेलले आफैंले स्वीकार गरेको अवस्था साथै घटनास्थल लाशजाँच प्रकृति मुचुल्का, घटनास्थल मुचुल्का, घटनास्थलमा खडा गरिएको

बरामदी मुचुल्का समेतले निज प्रतिवादी अम्बिका कँडेलको मौका र अदालतको बयानलाई समर्थन नै गरेको देखिँदा निज प्रतिवादी अम्बिका कँडेलले नवजात शिशुको कर्तव्य गरी हत्यामा संलग्नता रहेको पुष्टि भएको देखिन्छ।

४४. जहाँसम्म घटनामा संलग्न नभएको भन्दै त्यसतर्फ अनभिज्ञता प्रकट गरी नवजात शिशुलाई मार्नेमा आफ्नो संलग्नता नभएको हुँदा सजाय पाउनु पर्ने होइन भन्ने पुनरावेदक प्रतिवादीको जिकिर रहेको छ त्यसतर्फ हेर्दा, यी पुनरावेदक प्रतिवादी अदालतसमक्ष आरोपित कसूरमा इन्कार रहेको भएता पनि अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा अर्का प्रतिवादी अम्बिका कँडेल र निज बिच प्रेमसम्बन्ध रहेको र आपसी सहमतिमा शारीरिक सम्पर्क भई अम्बिका कँडेलको गर्भ रहन गएको बारेमा आफूलाई जानकारी भएपछि बच्चालाई जन्माई मार्न वचन दिएको हो भनी आरोप स्वीकार गरी बयान गरेको देखिन्छ। यी पुनरावेदकले अदालतसमक्ष बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्षको साबिति बयान स्वेच्छाको होइन चरम यातना दिई बयान गराइएको हो भनी अदालतको बयानमा जिकिर लिएपनि मौकाको बयानमा भएको सहिछापलाई निजहरुले अन्यथा भन्न नसकी शरीरमा देखिने घाउचोट केही नभएको भनी लेखाएको समेत देखिन्छ र यातना दिए उपर कुनै उजूरी गरेको पनि देखिँदैन। यातनाको आधारमा मौकाको साबितिलाई खण्डन वा अस्वीकार गर्ने पक्षले तत्सम्बन्धी विश्वसनीय आधार देखाउन सक्नुपर्छ। मौकाको साबिति अन्य प्रमाणहरुबाट समर्थित रहेको अवस्थामा सो अन्यथा प्रमाणित नभएसम्म त्यस्तो साबितिलाई प्रमाणमा लिन सकिने नै हुन्छ।

४५. विवाद निरुपणका क्रममा जहाँ प्रत्यक्ष प्रमाणको अभाव हुन्छ, त्यस्तोमा अन्य परिस्थितिजन्य प्रमाणको मूल्याङ्कनबाट निष्कर्ष निकाल्नुपर्ने हुन्छ। सबै आपराधिक घटनामा प्रत्यक्षदर्शी साक्षी हुनुपर्दछ भन्ने पनि हुँदैन। यस स्थितिमा मुद्दामा प्रतिवादीहरुले गरेको बयान, घटनास्थल एवम् मृतकको लाशप्रकृति मुचुल्का, लाशजाँच प्रतिवेदन (POST MORTEM REPORT) र अन्य सम्बद्ध प्रमाणहरुको विश्लेषण, विवेचना एवं मूल्याङ्कन गरी न्यायोचित अनुमान गर्नुको विकल्प हुँदैन। सो सन्दर्भमा विचार गर्दा यी प्रतिवादीलाई अर्का सहप्रतिवादी अम्बिका कँडेलले यी प्रतिवादीको कारण गर्भ रहन गएको र निजले वचन दिए बमोजिम नै नवजात शिशुको कर्तव्य गरी मारेको हुँ भनी मौका र अदालतमा बयान गरेकी र निज अम्बिका कँडेलको बयानलाई घटनास्थल एवं मृतकको लाश प्रकृति मुचुल्का, बरामदी मुचुल्का, लाशजाँच प्रतिवेदन

(POST MORTEM REPORT) र अन्य सम्बद्ध प्रमाणहरुले पुष्टि गरिरहेको देखियो। साथै, प्रतिवादी अम्बिका कँडेलले झुटो आरोप लगाउनु पर्ने कुनै कारण प्रतिवादी दुर्गा बहादुर वि.क.ले उल्लेख गर्न सकेको देखिएन। यस स्थितिमा प्रस्तुत वारदातमा प्रत्यक्षदर्शीको अभाव रहे पनि मिसिल संलग्न संकलित प्रमाणहरुको विश्लेषणबाट पुनरावेदक प्रतिवादी दुर्गा बहादुर वि.क. ले दिएको वचन अनुरुप नै अर्का प्रतिवादी अम्बिका कँडेलले नवजात शिशुको कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निजको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

४६. प्रतिवादी अम्बिका कँडेलको हकमा निर्णयतर्फ विचार गर्दा, नेपालको संविधानको धारा, ३८ ले महिलाको हक अन्तर्गत प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भनी व्यवस्था गरिएकोमा उक्त हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नका लागि साथै मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा लाई सुरक्षित, गुणस्तरिय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनका लागि आवश्यक व्यवस्था गर्न "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" बनाइ लागू गरिएको पाइन्छ। उक्त ऐन अन्तर्गत प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य अधिकार, गर्भवती सेवा प्राप्त गर्ने अधिकार साथै प्रसुति सेवा र आकस्मिक प्रसुति तथा नवजात शिशु सेवा प्रदान गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। यसरी संवैधानिक तथा कानूनी व्यवस्थाले प्रसूति सेवालाई अत्यावश्यक सेवा मानेको अवस्थामा विभिन्न सरकारी वा सामुदायिक स्वास्थ्य संस्थाहरुमा बच्चा जन्माउन सक्ने वा सुडिनिको सहायताबाट बच्चा जन्माउने प्रचलन समेत रहेको वा अन्य विभिन्न सुबिधा साथ सहजरुपमा बच्चा जन्माउन सक्ने अवस्थामा प्रतिवादी अम्बिका कँडेलले लामो समय सम्म गर्भ लुकाई, कलिलो उमेरमा कसैको साथ र सहयोग बिना, डर त्रास लोकलाजको अवस्थामा मानसिक पिडा झेल्दै र अन्तरजातिय सम्बन्धको थप पीडाको बिचमा एक्लै कसैको सहायता बेगर शौचालय जस्तो असुरक्षित स्थानमा बच्चा जन्माएको देखिन्छ। सामाजिक तिरस्कार तथा लोकलज्जाबाट बच्न कसूरजन्य कार्यको परिणामका सम्बन्धमा कुनै सोच विचारै नगरी शिशु जन्मनासाथ शिशुलाई जन्म दिने आमाले हत्या गरेको तथा प्रारम्भदेखि नै कसूर स्वीकार गरी न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको प्रचलित ऐन कानून अनुसार सजाय गर्दा चर्को पर्न जाने अवस्था र परिस्थितिलाई समेत विचार गरी निजलाई कम कैद सजाय गर्दा पनि फौजदारी कानूनको मकसद पुरा हुने देखिन्छ।

४७. प्रजनन् स्वास्थ्यको अधिकार महिलाको मानव अधिकारको अभिन्न अंग मानिन्छ। अधिकारको दृष्टिले हेर्दा प्रजनन् स्वास्थ्य महिलाको स्वास्थ्य समेतको दृष्टिकोणबाट महत्वपूर्ण विषय हो। महिलाको मानव अधिकारअन्तर्गत प्रजनन् स्वास्थ्यको अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी घोषणापत्र, नागरीक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, महिला विरुद्धको सबै किसिमका भेदभाव उन्मूलन (हटाउने) सम्बन्धी महासन्धि, बालअधिकार सम्बन्धी महासन्धि लगायतले कुनै न कुनै रुपमा सम्बोधन गरेको पाइन्छ। महिलाको जीवन, स्वतन्त्रता र सुरक्षाको सम्बन्धमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा ३, राजनैतिक तथा नागरीक अधिकार सम्बन्धी महासन्धिको धारा ६.१[1] र ९.१[2], बाल अधिकार सम्बन्धी महासन्धिको धारा ६.१[3] र ६.२[4] ले व्यबस्था गरेको पाइन्छ। महिलाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी हकको विषयमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धिको धारा १०.२[5], धारा १२.१[6] र धारा १२.२[7] अनि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, सन् १९७९ को धारा १०, ११.२ , ११.३ , १२.१ र १४.२ ले थप विशेष सम्बोधन गरेको पाइन्छ। साथै, गर्भको बच्चा जन्माउने वा नजन्माउने सम्बन्धी अधिकारको सम्बन्धमा उक्त महासन्धिको धारा १६.१[8] ले विशेष व्यबस्था गरेको पाइन्छ। यसरी अन्तर्राष्ट्रिय मानव

---

[1] Every human being has the inherent right to life. This right shall be protected by law. No one shall be arbitrarily deprived of his life.

[2] Everyone has the right to liberty and security of person. No one shall be subjected to arbitrary arrest or detention. No one shall be deprived of his liberty except on such grounds and in accordance with such procedure as are established by law.

[3] States Parties recognize that every child has the inherent right to life.

[4] States Parties shall ensure to the maximum extent possible the survival and development of the child.

[5] The widest possible protection and assistance should be accorded to the family, which is the natural and fundamental group unit of society, particularly for its establishment and while it is responsible for the care and education of dependent children. Marriage must be entered into with the free consent of the intending spouses.

[6] The States Parties to the present Covenant recognize the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health.

[7] The steps to be taken by the States Parties to the present Covenant to achieve the full realization of this right shall include those necessary for:

(a) The provision for the reduction of the stillbirth-rate and of infant mortality and for the healthy development of the child;

(b) The improvement of all aspects of environmental and industrial hygiene;

(c) The prevention, treatment and control of epidemic, endemic, occupational and other diseases;

(d) The creation of conditions which would assure to all medical service and medical attention in the event of sickness.

[8] States Parties shall take all appropriate measures to eliminate discrimination against women in all matters relating to marriage and family relations and in particular shall ensure, on a basis of equality of men and women:

(d) The same rights and responsibilities as parents, irrespective of their marital status, in matters

अधिकार सम्बन्धी महासन्धिहरूले प्रजनन् स्वास्थ्य लगायतका महिलाको अधिकारलाई मान्यता दिइरहेको देखिने र त्यस्ता महासन्धि एवं घोषणापत्रमा नेपालले अनुमोदन र समर्थन जनाई रहेको अतिरिक्त नेपालको संविधानले प्रजनन् स्वास्थ्यको अधिकारको व्यवस्था गरेको र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ समेत जारी गरेको अवस्था देखिन्छ।

४८. प्रस्तुत, मुद्दा जातक हत्यासँग सम्बन्धित रहेकोले जातकको शाब्दिक अर्थ हेर्दा, शिशु भन्ने हुन्छ। जिउँदो वा मृत अवस्थामा जन्मेको नाबालकलाई जातक भन्ने गरिन्छ। प्रज्ञा नेपाली बृहत शब्दकोशले पनि जातकको अर्थ भर्खर जन्मेको बालक; नवजात शिशु हुन्छ भन्ने व्यवस्था गरेको छ।[9] नवजात शिशुको हत्या गर्ने कसूरलाई जातक हत्या भनिन्छ। आधुनिक प्रचलित भाषामा यस्तो कसूरलाई नवजात शिशु हत्या पनि भनिन्छ।[10] मुलुकी ऐन, वि.सं. १९९० ले बाल हत्या (Infanticide) लाई जातकमारा भनी नामकरण गरी उक्त ऐनको छुट्टै महलमा व्यवस्था गरेकोमा पछि मुलुकी ऐन, वि.सं. २०२० ले पनि यसलाई ज्यान सम्बन्धी महलको १८ नं. मा ज्यानमाराको रुपमा व्यवस्था गरेको पाइन्छ। यसप्रकारको जातक हत्या सम्बन्धी मुद्दाहरुमा समान्यतयाः यस अदालतले उदार दृष्टिकोण राखी अदालती बन्दोबस्तको १८८ नं. प्रयोग गरी कम सजाय हुने कसूरको रुपमा हेरेको पाइन्छ।

४९. बेलायतको Infanticide Act, १९३८ ले बच्चा जन्म दिएको कारण आमा मानसिक रुपमा ठिक नभैसकेकोले आफूले जन्माएको र एक वर्ष पुरा नभैसकेको बच्चाको स्वयं आमाबाट हत्या भएमा त्यसलाई Infanticide भनी ब्याख्या गरेको पाइन्छ।[11] त्यस्तैगरी भारतको Indian Penal Code, 1860 ले पनि Infanticide को सजाय कैद वा जरिवाना वा दुवै हुने व्यवस्था गरेको पाइन्छ।[12] मुलुकी अपराध संहिता, २०७४ को दफा १८४ ले आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाल्न वा परित्याग गर्न नहुने भनी कुनै नवजात

relating to their children; in all cases the interests of the children shall be paramount;
(e) The same rights to decide freely and responsibly on the number and spacing of their children and to have access to the information, education and means to enable them to exercise these rights;

[9] प्रज्ञा नेपाली बृहत शब्दकोश

[10] प्रो ड रजितभक्त प्रधानाङ्ग र डा लक्ष्मी प्रसाद मैनाली, फौजदारी कानुनको परिचय, लुम्बिनी प्रकाशन पे.नं ६३८

[11] Infanticide, as defined by the Infanticide Act 1938, an Act of the Parliament of the United Kingdom, is when a mother causes the death of her child being a child under the age of twelve months, but at the time of the act or omission the balance of her mind was disturbed by reason of her not having fully recovered from the effect of giving birth to the child or by reason of the effect of lactation consequent upon the birth of the child.

[12] Section 315 Act done with intent to prevent child being born alive or to cause it to die after birth.—Whoever before the birth of any child does any act with the intention of thereby preventing that child from being born alive or causing it to die after its birth, and does by such act prevent that child from being born alive, or causes it to die after its birth, shall, if such act be not caused in good faith for the purpose of saving the life of the mother, be punished

शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले निजको जीउ, ज्यानमा खतरा पुग्ने गरी फाल्न परित्याग गर्न वा बेवास्ता गरी छोड्न हुँदैन र त्यस्तो कार्य गर्नेलाई कैद र जरिवानाको सजायसम्मको व्यवस्था गरेको पाइन्छ।[13]

५०. किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धजन्य कार्यबाट सिर्जित कसूरहरूमा बालबालिका वा किशोर किशोरीको अधिकारसमेतलाई मध्यनजर गर्नुपर्ने हुँदा तथा असुरक्षित यौनजन्य कार्यबाट सिर्जित कसूरजन्य कार्यलाई उदार रूपमा नहेरी युवा अवस्थामा नै अधिक कैदमा राखिँदा त्यस्ता नाबालक वा किशोर किशोरीहरूको सामाजिक पुनर्स्थापनामा समस्या हुनसक्ने भएकाले किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धबाट सृजित गर्भधारणलाई अबैध, अनैतिक भन्नु भन्दा पनि असुरक्षित र असावधानी पूर्वक गरिएको यौन सम्बन्धको रुपमा हेरिनु पर्दछ। यस्ता असुरक्षित वा असावधानी पूर्वक गरिएका यौन-सम्पर्कबाट भएको गर्भधारण र कुनै पनि अवस्थामा आफ्नो गर्भधारणलाई असर पर्ने गरी गरिने कार्यलाई कसूरजन्य कार्यमा राखिनु हुँदैन भन्ने मान्यताहरु[14] विकसित भइरहेको प्रसंगमा यस्ता विषयलाई थप उदारताका साथ व्याख्या गरिनु पर्ने देखिन्छ।

५१. "जातक हत्याको सजायको सम्बन्धमा प्रजनन् स्वास्थ्य सम्बन्धी हकको दृष्टिकोणबाट हेर्दा लुकिछिपी असुरक्षित अवस्थामा बच्चा जन्माउनु पर्ने अवस्था हाम्रो सामाजिक बनावट, यौन सम्बन्ध प्रति समाजको अनुदार दृष्टिकोण र कडा कानूनी व्यबस्था मात्रै होईन सुरक्षित र आत्मसम्मान पूर्वकको मातृत्वको अधिकार अन्तर्गत पनि विचार गरिनु पर्दछ। कुनै महिलाले अनिच्छित बच्चा गर्भधारणको जुनसुकै अवस्थामा पनि नजन्माउन पाउने कानूनी मान्यता विकसित भईरहेको वर्तमान अवस्थामा यस्तो कार्यलाई अधिक सजाय गर्ने मान्यता महिला स्वतन्त्रताको पक्षमा रहेको मान्न सकिदैन"।

५२. यस अदालतबाट प्र.ना.नि. होमनाथ अधिकारीसमेतको जाहेरीले वादी नेपाल सरकार विरूद्ध बाल सुधार गृह भक्तपुरमा रहेका परिवर्तित नाम थर ४४ कुश्मा (९) (ने.का.प. नि.नं. १०,६६५) को मुद्दामा असुरक्षित यौन सम्बन्धका कारण जुनसुकै उमेर समूहका महिलाबाट जन्मिने नाबालकलाई वा कानूनले निर्धारण गरेको बालबालिकाको उमेर समूह वा वीस वर्षभन्दा कम उमेर समूहका महिलाबाट त्यस्तो असुरक्षित यौन

---

[13] दफा १८४ मुलुकी अपराध संहिता, २०७४

[14] The 8 March Principles for a Human Rights-Based Approach to Criminal Law Proscribing Conduct Associated

सम्बन्धका कारण जन्मने नाबालकको तत्काल गरिने जातक हत्या (Infanticide) का सम्बन्धमा महिलालाई हेर्ने परिवर्तित संवैधानिक, कानूनी तथा सामाजिक दृष्टिकोणमा आएको परिवर्तन, उनीहरू रहेको सामाजिक परिस्थिति तथा त्यस्तो कार्यमा संलग्न महिलाहरू क्रूर तथा अपराधी नभई सम्बन्धित पुरूष गैरजिम्मेवार भएको र लोकलज्जाका कारण त्यस्तो कार्य गर्न बाध्यात्मक अवस्था सिर्जना भई अविवाहित वा विवाहित अवस्थामा पनि बच्चा जन्मनासाथ लुकाउने, छोड्ने वा मारिदिनुपर्ने अवस्था सिर्जना भएको हुनसक्छ। यस्तो परिस्थितिमा परेका महिलाहरूले गरेको ज्यानसम्बन्धी कार्य कसूरको रूपमा मानिने भए तापनि यथांसम्भव मानवीय दृष्टिकोणबाट हेरिनुपर्ने र कम उमेर समूहका महिला भए उनीहरूको विकासशील अवस्थालाई मध्यनजर गरिनुपर्ने हुन्छ। एउटा परिस्थितिमा गरिएको कसूरजन्य कार्यका कारण कारागारमा राख्दा खतरनाक कसूरदारसँग सङ्गत भई सामाजिक पुनर्स्थापनामा समस्या देखिन सक्ने हुन्छ। यस अदालतले पनि "लोकलाज" का कारण भएका यस्ता कसूरजन्य कार्यमा यथासम्भव कम सजाय गर्ने गरेको देखिन्छ। तसर्थ, न्यायिक दृष्टिकोणले अदालतहरूले यस प्रकृतिको कसूरमा उल्लिखित आधार र कारणसहित सम्बन्धित महिलाको आत्मसम्मान, समानताको हक र समाजमा महिलाको परिवर्तित पहिचानसमेतलाई मध्यनजर गरी यस प्रकृतिको कसूरमा न्यूनतम सजाय गर्दा पनि न्यायको मकसद पुरा हुने नै देखिन्छ भन्ने सिद्धान्त स्थापित भई सकेको देखिन्छ।

५३. त्यस्तै, **लक्ष्मीदेवी धिक्त समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको रिट निवेदन (ने.का.प. नि.नं.८४६४)** मा यसै अदालतबाट प्रजनन् स्वास्थ्य एवं प्रजनन् अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुबै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रही सकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने भन्ने मान्यतालाई जोड दिएको पाइन्छ।

५४. **त्यस्तै, प्रजनन् अधिकार भनेको प्रजनन् गर्नै पर्ने बाध्यताको रुपमा बुझ्न मिल्दैन, प्रजनन् गर्न पाउने अधिकारअन्तर्गत प्रजनन् गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ। जसरी कुनै काम गर्न पाउने अधिकारअन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन् अधिकारलाई हेर्नुपर्ने भन्ने थप विश्लेषण गरेको देखिन्छ।** यस अदालतले सोही मुद्दामा गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भै जीवनकै हकका रुपमा हेर्नुपर्ने र हाम्रो

देशको संविधानले सामाजिक न्यायको हक समेतलाई मान्यता दिएको साथै, राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रुपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतन सम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त् निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने भनी सिद्धान्तहरु स्थापित भईसकेको पाइन्छ। प्रस्तुत मुद्दामा जातकको जन्म र त्यसको परिवेश तथा कसूर गर्ने महिलाको जीवन, स्वास्थ्य तथा प्रजनन हकसँगै कसूरजन्य कार्यलाई उदारतापूर्वक हेर्नुपर्ने देखिन्छ। **भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भ भित्रै मात्र हुन्छ। त्यसैले भ्रुणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरुद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने भन्ने सिद्धान्त लक्ष्मीदेवी धित्त कै मुद्दामा स्थापित भैसकेको अवस्थामा कतिपय अवस्थाका कसूरहरुलाई गैर अपराधिकरण वा न्युन सजाय गर्ने सम्बन्धी; The March 8 Principles को पनि Principle 14 ले "No one may be held criminally liable on the basis that their conduct is alleged to be harmful to their own pregnancy" भन्ने व्यबस्थालाई गम्भीरतापूर्वक हेरी जातक हत्यालाई कसूरजन्य कार्यको रुपमा सजाय गर्दा भ्रूणको निरन्तरताको अर्न्तगत हेरी महिला स्वतन्त्रता, समाजिक परिवेश र प्रजनन हकको सन्तुलनमा हेरी न्युनतम सजाय गर्दा पनि कानूनको उद्देश्य पुरा हुने नै देखिन्छ।**

५५. अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क.को हकमा सुरु जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं. बमोजिम र उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट ज्यान सम्बन्धी महलको १६ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने ठहर गरेकोमा निज प्रतिवादी दुर्गाबहादुर वि.क. ले सुरु जिल्ला अदालतमा इन्कारी बयान गरेको, घटनाको प्रत्यक्षदर्शी साक्षी नभएको, सह-अभियुक्तले पोल सम्म गरेको, अन्य तथ्यगत आधार, प्रमाण नभएकोले जातक मार्नमा निजको प्रत्यक्ष संलग्नता रहेको भन्ने नदेखिएको, यी प्रतिवादीको कारण गर्भ रहेको देखिएको, गर्भ रही जातक बच्चाको जन्म भई मृत्यु भएको हुँदा ज्यान मार्नमा मतलवी मात्र भन्ने देखिएकाले साबिक ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिम २(दुई) वर्ष कैद सजाय हुने ठहर्छ।

५६. अर्का, प्रतिवादी अम्बिका कँडेललाई सुरु जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर भएकोमा, मिति २०७५ माघ २८ गते उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट निजको हकमा

तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को परिप्रेक्ष्यमा विचार गर्दा ७ (सात) वर्ष कैद सजाय गर्न न्यायोचित र उपयुक्त देखिने राय व्यक्त गरिएकोमा प्रतिवादी अम्बिका कँडेलले "अनुसन्धान अधिकारी समक्ष बयान गर्दा साविती बयान दिई न्यायिक प्रक्रियामा सहयोग गरेको देखिएको, निज प्रतिवादी १८ वर्ष उमेर नपुगेको नाबालिका रहेको, निजको गर्भ रही लोकलज्जाबाट बच्न जातक मारेको देखिँदा साबिक मुलुकी ऐन, अ.वं.१८८ नं. र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. मा भएको कानूनी व्यवस्था एवम् निज प्रतिवादीको कसूर गर्दाको उमेर, कसूर गर्दाको परिस्थिति, सामाजिक आर्थिक परिस्थिति र न्यायको रोहमा फौजदारी न्यायको मकसद पुरा हुने नै हुँदा यी प्रतिवादी अम्बिका कँडेललाई २(दुई) वर्ष कैद हुने ठहर्छ"।

५७. साथै, पुनरावेदक प्रतिवादीहरु दुर्गाबहादुर वि.क. र अम्बिका कँडेल अनुसन्धानको क्रममा मिति २०७४।५।१६ मा पक्राउ परी हाल सम्म (मिति २०७९।११।२१) कैदमा रहेको र निज प्रतिवादीहरुलाई लागेको कैद सजाय भुक्तान भईसकेको अवस्था देखिँदा अन्य मुद्दा वा कारणबाट यी प्रतिवादीहरुलाई थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट आजै थुना मुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालयमा लेखी पठाउने गरी मिति २०७९।११।२१ मा संक्षिप्त आदेश भईसकेको हुनाले त्यसतर्फ थप केही बोलिरहनु परेन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिए बमोजिम पुनरावेदक प्रतिवादी दुर्गाबहादुर वि.क. र अर्का प्रतिवादी अम्बिका कँडेलको हकमा उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७५।१०।२८ मा भएको फैसला केही उल्टी भई प्रतिवादी दुर्गाबहादुर वि.क. लाई साबिक मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिम २(दुई) वर्ष कैद सजाय हुने तथा प्रतिवादी अम्बिका कँडेललाई साबिक मुलुकी ऐन अ.वं.१८८ नं र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. मा भएको कानूनी व्यवस्था बमोजिम २(दुई) वर्ष कैद हुने ठहरी फैसला भएकोले सुरु पर्वत जिल्ला अदालतमा सोही बमोजिम कैदी पुर्जी संशोधन गर्नु भनी लेखी पठाई दिनू .............१

फैसलाको जानकारी नियमानुसार पुनरावेदक वादी नेपाल सरकारलाई दिनू .............२

४१

फैसलाको नक्कल सरोकारवाला लिन आएमा नियमानुसार दस्तुर लिई दिनू ............३

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मुद्दाको दायरीको लागत कट्टा गर्नु र सुरु मिसिल पर्वत जिल्ला अदालतमा र रेकर्ड मिसिल अभिलेख शाखामा बुझाई दिनू ........४

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः कुमार खतिवडा

अनुसन्धान सहयोगीः लक्ष्मी राना (शाखा अधिकृत) र रुबिना दाहाल (ईन्टर्न)

कम्प्यूटर टाईपः कृष्णमाया खतिवडा(सुस्मिता)

**इति संवत् २०७९ साल फाल्गुण २१ गते रोज १ शुभम्................................।**